# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०/६/१४

**प्रस्तावनाः** कृषि क्षेत्रको दिगो विकासको लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा प्रस्ताव पेश गरेका कृषक समूह, उत्पादनमुलक सहकारी तथा नीजि कृषि फर्म सम्झनु पर्छ ।

(ख) **"उत्पादन सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, औषधि, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(घ) **"कृषि पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायीक/निजी प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, नर्सरी स्थापना, संरक्षित संरचना, सिचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धि विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ ।

(ङ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(छ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहत कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदकहरु सम्झनु पर्छ ।

(ञ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित क्षेत्र निर्धारण समिति सम्झनु पर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ठ) "उत्पादनमुलक सहकारी संस्था" भन्नाले कृषि सहकारी तथा कृषि उत्पादनमा संलग्न बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>संस्थागत व्यवस्था</u>

३. <u>क्षेत्र निर्धारण समितिः</u> (१) जिल्लास्तरमा कृषि बालीको क्षेत्र निर्धारण गर्न देहाय बमोजिमको क्षेत्र निर्धारण समिति रहनेछ।

संयोजक- प्रमुख, जिल्ला समन्वय समिति, सम्बन्धित जिल्ला

सदस्य- प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सम्बन्धित जिल्ला

सदस्य- जिल्ला समन्वय समिति, सम्बन्धित जिल्लाको अधिकृत प्रतिनिधि

सदस्य सचिव- प्रमुख, कृषि ज्ञान केन्द्र, सम्बन्धित जिल्ला

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

क. भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा उपयुक्त स्थान छनोट गरी केन्द्रमा सिफारिश गर्ने,

ख. दफा ८ बमोजिम सञ्चालन हुने कार्यक्रममा स्थानीय आवश्यकता बमोजिम क्रियाकलाप थप गर्ने।

(३) समितिले आवश्यकता ठानेमा बढीमा २ जनासम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद- २

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

४. <u>सूचना प्रकाशनः</u> (१) कार्यक्रम संचालनको लागि निर्देशनालय/केन्द्रले २१ दिनको म्याद राखी अनुसूची- १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. <u>प्रस्ताव पेश गर्नेः</u> (१) निर्देशनालय/केन्द्रमा निवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदकले प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव पेश गर्दा आवेदकले सरकारी सुविधाको हिनामिना नगर्ने, सोही कार्यको लागि अन्य निकायवाट दोहोरो सुविधा नलिएको र बालीको उत्पादकत्व समेत वृद्धि गर्ने प्रतिवद्धता जनाउनुपर्नेछ ।

(२) कार्यक्रममा प्रस्ताव पेश गर्ने आवेदकले कम्तिमा कार्यविधिले तोके बमोजिमको पकेटको मापदण्ड बमोजिमको क्षेत्रफलमा प्रस्तावित बाली/वस्तुको उत्पादन गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

६. <u>प्रस्ताव मूल्याङ्कनः</u> (१) निर्देशनालय/केन्द्रमा पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कनको लागि निर्देशनालय/केन्द्रले सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछ ।

(२) मूल्याङ्कन समितिले प्रस्तावहरुको मूल्याङ्क गरी निर्देशनालय/केन्द्रमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ ।

(३) मूल्याङ्कनमा आधारहरु समितिले तयार गरी निर्देशनालय/केन्द्रवाट स्वीकृत गर्नुपर्नेछ ।

(४) आवश्यकता अनुसार मूल्याङ्क समितिले स्थलगत अनुगमन गर्न सक्नेछ ।

७. <u>सम्झौता प्रक्रियाः</u> (१) छनौट भएका साझेदारलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदकले पेश गरेको क्रियाकलाप र कार्ययोजना केन्द्र/निर्देशनालयले आवश्यक संशोधन गरि अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

## परिच्छेद-३
## <u>कार्यक्रम र प्राविधिक पक्ष</u>

८. <u>सञ्चालन गरिने क्रियाकलापः</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुमा देहाय बमोजिमको क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

क. आधारभूत सर्वेक्षण,

ख. माटो परीक्षण,

ग. उत्पादन सामग्री तथा प्रविधि सहयोग,

घ. सिंचाई, यान्त्रिकीकरण, भण्डारण, प्रशोधन,

ङ. उत्पादनोपरान्त प्रविधि, बजारीकरण,

च. बीमा,

छ. सहजकर्ता,

ज. अभिमुखीकरण तालिम आदि

(२) समितिले स्थानीय आवश्यकता बमोजिम क्रियाकलाप थप गर्न सक्नेछ ।

९. <u>आधारभूत मापदण्डः</u> (१) समितिले क्षेत्र निर्धारण गर्दा आफुले तयार गरेको मापदण्डको अतिरिक्त निम्नानुसारको विवरण समेतलाई ध्यान दिनुपर्नेछ ।

क. सम्भव भएसम्म एकै रोड कोरिडोर समेट्ने क्षेत्र,

ख. नजिकको दुरीमा बजार भएको ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(२) प्रवर्धनात्मक कृषि कार्यक्रम सञ्चालनको लागि प्रति क्लष्टर देहाय बमोजिमको न्यूनतमम मापदण्ड हुनुपर्नेछ ।

| कार्यक्रमको नाम | न्यूनतम् मापदण्ड (हे.) | |
|---|---|---|
| | तराई क्षेत्र | पहाडी/हिमाली क्षेत्र |
| खुल्ला जमिनमा तरकारी बाली प्रवर्द्धन कार्यक्रम | २० | १० |
| टनेलमा तरकारी बाली प्रवर्धन कार्यक्रम | ०.५ | ०.५ |
| अलैंची प्रवर्द्धन कार्यक्रम | | १५ |
| कफी प्रवर्द्धन कार्यक्रम | | १५ |
| आलु बाली प्रवर्द्धन कार्यक्रम | २० | २० |
| खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम (धान, मकै गहुँ) | ५० | ५० |
| तेलहन बाली प्रवर्धन कार्यक्रम | ३० | १५ |
| रैथाने बाली मूल्य शृंखला प्रवर्द्धन कार्यक्रम | २० | २० |
| फलफुल (सुन्तला/ कागती, किवी, एभोकाडो इत्यादी) बाली प्रवर्द्धन कार्यक्रम | २० | २० |
| मौरी प्रवर्द्धन कार्यक्रम | ३००० घार | १००० घार |
| च्याउ खेती प्रवर्द्धन कार्यक्रम | कन्ये र गोब्रे च्याउको हकमा २००० केजी विउ, | कन्य र गोब्रे च्याउको हकमा १००० केजी विउ, सिताकेको हकमा ७५०० मुढा |
| पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | १० वटा पकेट वराबरको क्षेत्रफल | १० वटा पकेट वराबरको क्षेत्रफल |

(३) उपदफा (२) बमोजिमको क्लष्टर तयार गर्न खाद्यान्न बालीको हकमा न्यूनतम ३ हेक्टर, दलहन र तेलहन बालीको हकमा २ हेक्टर, खुल्ला जमिनमा तरकारी बालीको हकमा १.५ हेक्टर, टनेलमा तरकारी खेतीको हकमा १ रोपनी, फलफुलको हकमा १.५ हेक्टर, रैथानेबालीको हकमा १ हेक्टर, च्याउको हकमा १००० के.जी बीउ (कन्ये र गोब्रे) र ३,००० मुडा (सीताके), मौरीको हकमा ४० घारको पकेट बनाई प्रति क्लष्टरको मापदण्ड पुरा गर्न सकिनेछ । पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रमको हकमा सयपत्री फुल



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

खेतिको लागि न्युनतम ५ रोपनि र पुष्प नर्सरी र कट फ्लावरको लागी न्युनतम् १/२ रोपनिको पकेट बनाइ प्रति क्लस्टरको मापदण्ड पुरा गर्न सकिने छ ।

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१०. कार्यक्रम सञ्चालनको आर्थिक पक्ष: (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) कार्य सम्पन्न प्रतिवेदन, बील भरपाइ, कार्य सम्पन्नको फोटो र प्राविधिकको सिफारिसमा साझेदारको बैक खाता मार्फत भुक्तानी गरिनेछ।

(४) वार्षिक स्वीकृत कार्यक्रम र परिमाणको आधारमा अधिकतम बजेट सीमा तोकिनेछ । देहाय बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको अधिकतम सीमा तोकिनेछ ।

| क्र.स. | विवरण | ईकाई | अधिकतम सीमा(रु) |
|---|---|---|---|
| १ | तरकारी बाली | प्रति हेक्टर | २ लाख |
| २ | तेलहन बाली | प्रति हेक्टर | १ लाख |
| ३ | किवी बाली | प्रति हेक्टर | १ लाख |
| ४ | एभोकार्डो | प्रति हेक्टर | १ लाख |
| ५ | मकै बाली | प्रति हेक्टर | १ लाख |
| ६ | रैथाने | प्रति हेक्टर | १ लाख |
| ७ | मौरी घार(गोला सहित) | प्रति घार | १०,००० |
| ८ | कन्ये च्याउ | १००० के.जि. विउ सहितको पूर्वाधार | ४ लाख |
| ९ | गोब्रे च्याउ | १००० के.जिं विउ सहितको पूर्वाधार | ६ लाख |
| १० | मुडे/सिताके च्याउ | ३००० मुडा | ७ लाख |
| ११ | पुष्प खेती (खुल्ला) | प्रति हेक्टर | ३ लाख |
| १२ | संरक्षित संरचनामा तरकारी/पुष्प खेती | | प्रचलित नियमानुसार |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद -४

## विविध

११. अनुगमन तथा मूल्याङ्कनः कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय तथा केन्द्रले आवश्यकता बमोजिम गर्नेछ।

१२. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१३. कारबाहीको व्यवस्थाः साझेदारले सम्झौता बमोजिम प्राप्त रकम तथा सामाग्रीहरु लिई दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ र ५ वर्षसम्म प्रदेश सरकारबाट सञ्चालन हुने कुनैपनि कार्यक्रममा समावेश गरिने छैन ।

१४. संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१५. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८० / /

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको निर्देशनालय/केन्द्र, ...... को आ.व. ....................... को स्वीकृत वार्षिक कार्यक्रम ...........सञ्चालन गर्न ........इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको २१ औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । अनलाईन मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

तपसिलः

१. निवेदन,
२. संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. प्रस्ताव अनुसारको लागत अनुमान,
५. स्थानीय तहको सिफारिस,
६. आवेदकको आफ्नै स्वामित्व वा फलफुलको हकमा कम्तिमा १५ वर्ष र तरकारी र खाद्यान्नबालीको हकमा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

प्रस्ताव-पत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | | |
| ३ | आवदेकको नाम | | | | | |
| ४ | ठेगाना | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | | | |
| ६ | आवेदकको email address | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | | | |
| ९ | आवेदक संस्थाको उमेर<br>(दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | | | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | | | |
| १४.१ | | | | | | |
| १४.२ | | | | | | |
| १४.३ | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | | |
| १५.२ | कस्तो सडक छ<br>(कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | | |
| १५.३ | बिजुलीको सुविधा<br>(छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | | | |
| १५.४ | खानेपानीको सुविधा<br>(छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | | | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरणः |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| १९ | क्रियाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ती पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| | | |
|---|---|---|
| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): | |
| २२.१ | | |
| २२.२ | | |
| २२.३ | | |
| २२.४ | | |
| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | अनुभव तथा तालिमहरु | अवधी |
|---|---|---|
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |
| २४.४ | | |

| २५ | प्रस्तावकसंग विद्यमान जनशक्ति विवरणः | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः | | |

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क.सं. | मुख्य-मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | | | जम्मा रकम रु. | | |

उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची -३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### सम्झौता-पत्र

निर्देशनालय/केन्द्र .... (यसपछि प्रथम पक्ष भनिने) र श्री.................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी ..............कार्यक्रम सञ्चालनका लागी द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

तपशिलः

१. प्रथम पक्षले .................. प्रवर्दन कार्यक्रम सञ्चालन को लागी विनियोजित रु. ........... मध्ये बढीमा दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु ........... कट्टा गरी दोश्रो पक्षलाई रु. ............ (अक्षरेपी............................) बराबरको रकम सहयोग प्रदान गर्नेछ ।
२. सम्झौता भएको मितिले १५ दिन भित्र .....लागत ईष्टिमेट र क्रियाकलाप अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।
३. दोश्रो पक्षले यहि .......... साल ...............महिना ...... गते भित्र तोकिएको कार्य सम्पन्न गरि सक्नु पर्नेछ । कार्य सम्पन्नताको आधारमा रकम बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।
४. दोस्रो पक्षले क्रियाकलापहरु उद्देश्य पुरा हुने गरी तोकिएको समय सिमा भित्र सम्पन्न गर्नुपर्नेछ ।
५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा सम्झौता रकम र लागत साझेदारी भए सो को विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ । होडिङ बोर्डको ढाचाँ प्रथम पक्षले तोके बमोजिमको हुनेछ ।
६. जग्गा सम्बन्धी विवाद उत्पन्न भएमा दोश्रो पक्षले सोको समाधान आफैं स्वम् गर्नुपर्नेछ ।
७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
८. प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम संचालन गर्ने निकायले तोकेको कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।
९. कार्यक्रम संचालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदारले व्यवस्था गर्नु पर्नेछ ।
१०. यस कार्यविधि अनुसार सम्झौता भएका साझेदारले सम्भव भएसम्म बाली बीमा गर्नुपर्नेछ। बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार साझेदार स्वयं हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

११. बाली कटानी सर्वेक्षण मार्फत बालीको उत्पादकत्व अनुमान गर्नुपर्नेछ। साथै उत्पादनमा संलग्न लागतको अभिलेखीकरण गरी लाभ लागत अनुपात लगायतका अन्य परिसूचक निकल्नुपर्नेछ।

१२. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

<u>प्रथम दोस्रो पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

<u>दोस्रो पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

सस्थाः

सस्थाको छापः

<u>रोहवर</u>

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

नोटः जग्गा भाडामा लिएको भए फलफूलको हकमा कम्तिमा १५ वर्ष र तरकारी तथा खाद्यान्नको हकमा कम्तिमा ५ वर्षको करार सम्झौता गरेको हुनुपर्ने छ र साझेदारले सो अवधिभर सम्झौतामा उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

इति सम्वत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम् ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री